नगर कार्यपालिकाको
बैठक संख्या: ७४, २०७९-२०८४
मिति २०८३/०२/२७ को
निर्णय प्रमाणित ...........

## कोहलपुर नगर कार्यपालिकाको बैठकको निर्णयहरु (बैठक नं ७४, २०७९-२०८४)

**मिति : २०८३ जेठ २७ गते**

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

२. यस नगरपालिकाको नगरसभाको बिसौं अधिवेशनको पहिलो बैठक मिति २०८३ साल असार १० गते बुधवार बिहान ७:०० बजेदेखि यस नगरपालिकाको सभाहलमा बस्ने गरी मिति तोक्ने र निम्न अनुसारका एजेण्डा सहित सबै नगरसभा सदस्यहरुलाई जानकारी गराउने।

निम्नः
- कोहलपुर नगरपालिकाको आर्थिक विधेयक, २०८३
- कोहलपुर नगरपालिकाको विनियोजन विधेयक, २०८३
- आ.ब. २०८३/०८४ को बजेट, नीति तथा कार्यक्रम
- चालु आर्थिक वर्षमा नगर कार्यपालिकाले गरेका निर्णय एवं सिफारिस माथी छलफल
- समसायिक एवं दर्ता भएका प्रस्तावहरु उपर छलफल
- विविध विषयहरु ।

३. यस नगरपालिकामा रहेका देहाय बमोजिमका समितिहरुको विभिन्न मितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क) आर्थिक विकास समितिको मिति २०८३/०२/२६ गतेको निर्णयहरु
ख) विपद व्यवस्थापन समितिको मिति २०८३/०२/२६ गतेको निर्णयहरु
ग) शिक्षा समितिको मिति २०८३/०२/२६गते को निर्णयहरु

४. कोहलपुर नगरपालिकाको आ.व. ०८२/०८३ को वार्षिक बजेट पुस्तिकाको वडा नं. १४ (वडाको सिलिङ्ग) पेज नं. १७१ सि.नं. ३५७ को संशोधित कार्यक्रम शिर्षकबाट कोहलपुर मिडिया हाउससँग भएको सम्झौता बमोजिम भिडियो डकुमेन्ट्रि निर्माण वापत रु. ५०,०००।– भुक्तानी गर्ने ।

५. कोहलपुर नगरपालिकाको आ.व. ०८२/०८३ को वार्षिक बजेट पुस्तिकाको वडा नं. ३ (वडाको सिलिङ्ग) पेज नं. १५१ सि.नं. १४९ को संशोधित कार्यक्रम शिर्षकबाट कोहलपुर मिडिया हाउस सँग भएको सम्झौता बमोजिम भिडियो डकुमेन्ट्रि निर्माण वापत रु. ४०,०००।– भुक्तानी गर्ने ।

६. कोहलपुर नगरपालिका र एपेक्स नेपाल प्रा.लि. बीच मिति २०७४/०७/२२ मा सम्पन्न भएको यात्रु प्रतिक्षालय, ट्राफिक बुथ तथा विज्ञापन व्यवस्थापन सम्बन्धी ८ (आठ) वर्षे सम्झौताको अवधि समाप्त भएको तथा एपेक्स नेपाल प्रा.लि. (दोस्रो पक्ष) ले मिति २०८३/०२/२५ मा पेश गरेको निवेदन बमोजिम उक्त सम्झौता नवीकरणका लागि अनुरोध गरेको हुँदा, सो सम्बन्धमा छलफल गर्दा हाल कायम रहेका शर्त तथा प्रचलित कानुनको अधीनमा रही उक्त सम्झौता थप ५ (पाँच) वर्षका लागि नवीकरण गर्ने । साथै, कोहलपुर नगरपालिकाको बैठक संख्या ८, मिति २०७९/०५/१९ को निर्णय तथा दुवै पक्षबीच भएको सम्झौताअनुसार दोस्रो पक्षले कोहलपुरको दक्षिणतर्फ रत्न राजमार्गअन्तर्गत बाबानगर–पिपरी सडक खण्डमा १७ (सत्र) थान विद्युतीय पोल निर्माण गरी सम्झौताबमोजिम कार्य सञ्चालन गर्दै आएको अवस्थामा, दोस्रो पक्षको मिति २०८३/०२/२५ को निवेदनअनुसार थप २३ (तेइस) थान



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७४, २०७९-२०८४
मिति २०८३/०२/२७ को
निर्णय प्रमाणित ..........

विद्युतीय पोल विस्तार गरी पूर्ववत् सम्झौताका शर्त तथा प्रावधानबमोजिम कार्य सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

७. कोहलपुर नगरपालिका ५ नं. वडा कार्यालयको मिति २०८३/०३/०१ गतेको चलानी नं. २२४५ को प्राप्त पत्र अनुसार वडा नं. ५ को सार्वजनिक स्थल बाटोमा रहेको सिमल जातको जोखिम पूर्ण अवस्थाको रुख हटाउन सङ्घीय वन नियमावली २०७९(तेस्रो संशाधन,२०८२) को नियम ३६ को उपनियम(२) बमोजिम सार्वजनिक स्थलमा जोखिमको अवस्थामा रहेका रुख हटाउन लाग्ने खर्च भैपरी चालु शिर्षकबाट हुने गरी रु.२३,४३३।– व्यवस्था गर्ने ।

८. कोहलपुर नगरपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम "हाम्रो कोहलपुर" मा आधारित विज्ञ समूहद्वारा तयार गरिएको कक्षा ६ देखि ८ सम्मको शिक्षक स्रोत सामग्री स्वीकृत गर्ने तथा आ.व. २०८२/०८३ मा शिक्षा शाखा तर्फ विनियोजित स्थानीय पाठ्यक्रममा आधारित (कक्षा १-८) को पाठ्यपुस्तक वा सन्दर्भ सामग्री निर्माण तथा छपाइ शीर्षकबाट व्ययभार हुने गरी छपाइ गरी विद्यालयमा वितरण गर्ने ।

९. आ.ब. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सङ्घीय सशर्त अनुदान तर्फ विनियोजित कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम अन्तर्गत कन्दमुल एवं जङ्गली प्रजातीको संरक्षण एवं प्रबर्द्धन कार्यका लागि कालिका ताजा तरकारी कृषक समुह, कोहलपुर २, बाँकेलाई रु.१०,०००।– उपलब्ध गराउने ।

१०. आ.ब. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सङ्घीय सशर्त अनुदान तर्फ विनियोजित किसान सूचीकरण कार्यक्रम शीर्षकबाट खर्च हुने गरी किसानहरुको तथ्याङ्क संकलन, अभिलेखिकरण, विश्लेषण, तथ्याङ व्यवस्थापन तथा प्रतिवेदन तयारीका लागि ल्यापटप आवश्यक देखिएकाले सि.न. ५९५ किसान सूचिकरण कार्यक्रम खर्च हुने गरी १(एक) थान ल्यापटप खरिद गर्ने ।

११. कृषि विकास शाखा तर्फको मिति २०८२/०७/२० गते प्रकाशित सूचना बमोजिम पम्पसेट, समरसिबल मोटर, डेलिभरी पाइप, गार्डेन पाइपको माग गरेकोमा बजार दररेटका कारण सबै कृषकहरुलाई डेलिभरी पाइप र गार्डेन पाइप उपलब्ध गराउन नसकिने देखिएकाले पम्पसेट २० थान र समरसिबल मोटर ६ थान खरिद गरी बितरण गर्ने ।

१२. कोहलपुर नगरपालिका भित्रका विभिन्न वडाहरुमा पानीको अभाव भइ प्राप्त निवेदन अनुसार नगरपालिकाको आ.व. ०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको पेज नं. १४६ सि.नं. १०१ खानेपानी पूर्वाधार सहयोग कार्यक्रम शिर्षकबाट हुने गरी विभिन्न टोलमा समरसेवल धारा जडानका लागी रु. १०,००,०००।– भुक्तानी गर्ने ।

१३. कोहलपुर नगरपालिका वडा नं. ९ समावेशी टोलमा नाली निर्माण सम्पन्न भइ बाटोको सतह भन्दा नाली माथी रहेको र पानी पर्दा डुवान हुने जोखिमलाई मध्यनजर गरी समाबेशी टोल देखि खानेपानी जाने बाटोमा माटो पटान तथा ग्राभेलका लागि भैपरी आउने पुँजीगत शिर्षकबाट रु.३,००,०००।–(तीन लाख) व्यवस्था गर्ने ।

१४. यस नगरपालिका वडा नं. ११ शिवटोलमा आर.सि.सि. ढलान योजनाको शिर्षकमा भुक्तानी भई बचेको रकम बाट खर्च हुने गरी उक्त स्थानमा नाला निर्माण कार्यका लागि रु.४,००,०००।– भुक्तानी उपलब्ध गराउने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
स्थापना : २०७१

नगर कार्यपालिकाको
बैठक संख्या: ७४, २०७९-२०८४
मिति २०८३/०२/२७ को
निर्णय प्रमाणित ......

१५. कोहलपुर नगरपालिका ६ नं. वडा कार्यालयको मिति २०८३/०३/०१ गतेको प्राप्त पत्र अनुसार वडा कार्यालयको परिसरमा रहेको कभर्ड हल रझेना स्पोर्टस क्लब कोहलपुर ६ बाँकेलाई संचालन, व्यवस्थापन रेखदेखका लागी जिम्मा दिने ।

१६. कोहलपुर नगरपालिका ३ नं. वडा कार्यालयको प्राङ्गणमा माटो पटानका लागी भैपरी आउने पुँजिगत शिर्षकबाट हुने गरी रु. २,००,०००।– (दुई लाख) व्यवस्था गर्ने ।

१७. त्रिभुवन नमुना माध्यमिक विद्यालय कोहलपुर १० को प्रवेशद्वार बाहिरको सडकमा माटो पटान तथा टाइल विछ्याउन विद्यालय पुर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शिर्षकबाट हुने गरी रु. १०,००,०००।– (दश लाख) व्यवस्था गर्ने ।

१८. हाल कोहलपुर नगरपालिकाले सञ्चालन गरिराखेको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवाहरु (आप्रवासी स्रोत उप केन्द्र/सूचना तथा परामर्श, वित्तीय साक्षरता, निःशूल्क कानूनी सहायता, सीपमा सहजीकरण, समुदाय सचेतना) लाई एकीकृत गरी संस्थागत रुपमा सञ्चालन गर्न यस कोहलपुर नगरपालिकाको आर्थिक विकास शाखा/रोजगार सेवा केन्द्र मातहत र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने निर्णय गरियो । उक्त सेवाहरु प्रवाहमा खटिने कर्मचारीहरुले कार्य प्रगति प्रतिवेदन सम्बन्धित शाखा प्रमुखहरुलाई पेश गर्ने र कार्य सम्पादन तथा सेवा प्रवाहको अनुगमन सम्बन्धित शाखा र यस पालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा कम्तिमा ३ महिनामा १ पटक हुने व्यवस्था गर्ने ।

१९. यस कोहलपुर नगर अस्पताल, स्वास्थ्य शाखा एवं आधारभुत स्वास्थ्य केन्द्रहरुमा ल्याब तथा सर्जिकल सम्बन्धी कार्यहरु हुँदै आएकोमा उक्त ल्याव तथा सर्जिकल सामाग्रीहरु अभाव भएकोले सेवाग्राहीहरुलाई सो सम्बन्धि सेवा उपलब्धताका लागि ल्याव तथा सर्जिकल सामाग्रीहरु खरिद गरे बापत रकम रु.६ लाख स्वास्थ्य शिविर शिर्षकबाट भुक्तानी गर्ने ।

२०. नगर अस्पतालमा शुल्क सहित फार्मेसी सञ्चालनका लागि आवश्यक औषधिहरू प्रचलित सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाबमोजिम टेन्डर वा कोटेशन प्रक्रिया मार्फत खरिद गर्ने तथा यसरी खरिद गरिएका औषधिहरू अस्पतालबाट सेवा लिने स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध तथा शुल्क तिर्ने बिरामीहरूलाई प्रचलित नियम, मापदण्ड र स्वीकृत दररेट अनुसार वितरण गर्ने । साथै, औषधिको खरिद, भण्डारण, अभिलेख व्यवस्थापन, बिक्री तथा वितरण कार्य प्रचलित कानुन, स्वास्थ्य मन्त्रालयको निर्देशिका तथा अस्पतालको आन्तरिक व्यवस्थापन सम्बन्धी निर्णय बमोजिम सञ्चालन गरिनेछ।

२१. कोहलपुर नगरपालिका वडा नं. ५ मा रहेको श्रीनगर ऋषी सापकोटा घरदेखि पश्चिम तर्फ अधुरो पक्की नाली निर्माणका लागि भैपरी आउने पुंजीगत शिर्षकबाट हुने गरी रु. ५,७०,०००।– (पाँच लाख सहत्तरी हजार) व्यवस्था गर्ने ।

२२. कोहलपुर नगरस्तरीय युवा क्लब सञ्जालद्वारा मिति २०८३ साल जेठ १४ गतेदेखि १७ गतेसम्म आयोजना गरिएको एशिया प्यासिफिक युथ कन्फ्रेन्स अन क्लाइमेट चेन्ज, इन्टरप्रेनरशिप एण्ड पोलिसी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक टेन्ट, कुर्सी, टेबल तथा डिजे सेवा भाडामा लिंदा



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्याः ७४, २०७९-२०८४
मिति २०८३/०२/२७ को
निर्णय प्रमाणित ..........

भएको खर्च वापत रु.९९,०००।- (उनान्सय हजार) रकम मुस्कान टेन्ट हाउस, कोहलपुर ९ लाई भुक्तानी गर्ने।

२३. कोहलपुर नगर स्तरीय युवा क्लब सञ्जालको आयोजनामा सम्पन्न नगर स्तरीय गायन प्रतियोगिता कार्यक्रम सञ्चालनका क्रममा भएको स्वीकृत खर्च तथा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा भएको खर्च रकम कोहलपुर नगरस्तरीय युवा क्लब सञ्जाललाई उपलब्ध गराउने ।

२४. कोहलपुर ११ मा रहेको अधुरो व्याडमिन्टन कवर्डहल निर्माणका लागी भैपरी आउने पुंजीगत शिर्षकबाट हुने गरी रु. ६,००,०००।– (छ लाख) व्यवस्था गर्ने ।

२५. कोहलपुर नगरपालिकाको आ.व. २०८२/०८३ नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको पेज नं. १७५ सि.नं. ४०२ को नगर खेलकुद कार्यालय सञ्चालन खर्च शिर्षकलाई संशोधन गरी सिकाई आदान प्रदान तथा अवलोकन भ्रमणका लागि रु.२,००,०००।– उपलब्ध गराउने ।

२६. वैदेशिक रोजगारी सम्बन्धी वर्तमान अवस्थाको विश्लेषण गर्दा यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै वैदेशिक रोजगारबाट प्राप्त लाभको वृद्धि गरी सामाजिक लागत न्यूनीकरण तर्फ जोड दिनु पर्ने आवश्यक छ । उक्त विषयलाई मध्यनजर गर्दै हाल संघ, प्रदेश र यस पालिकाको साझेदारीमा वैदेशिक रोजगारी सम्बन्धी न्यूनतम् सेवाहरुलाई संस्थागत रुपमा व्यवस्थापन गरी सञ्चालन गर्ने निर्णय गरियो ।

२७. कोहलपुर नगरपालिकामा रहेका थारु समुदायहरुको माघी पर्व/ माघि मिलन कार्यक्रम व्यवस्थापनका लागि वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १८७ सि.नं. ५१२ माघि पर्व शीर्षकमा विनियोजित रकम रु.२(दुई) लाख कोहलपुर बरघर नगर समिति कोहलपुरलाई भुक्तानी उपलब्ध गराउने।

२८. कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०७९ को चौथो संशोधन स्वीकृत गर्ने ।

२९. ०८२/०८३ को वडा तर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

<table>
<tr><th colspan="5">वडा नं. १ (वडा समितिबाट निर्णय भएको)</th></tr>
<tr><th>सि.नं.</th><th>साविक योजना/ कार्यक्रमको नाम</th><th>संशोधित योजनाको नाम</th><th>रकम रु.</th><th>वडा समितिको निर्णय</th></tr>
<tr><td>१</td><td>वडाको मर्मत सम्भार तथा विविध खर्च (सि.नं. १३१)</td><td>ईन्भर्टर ब्याट्री खरिद</td><td>९०,०००</td><td>२०८२/०५/१३</td></tr>
<tr><td>२</td><td>भुमी सम्बन्धी कार्य र विभिन्न चार्डपर्व र दिवस कार्यक्रम(सि.नं.१२१) बाट रु.४०,०००</td><td rowspan="2">वडा कार्यालयको गेट निर्माण</td><td rowspan="2">८०,०००</td><td rowspan="2">२०८३/०१/२३</td></tr>
<tr><td>३</td><td>वडाको मर्मत संभार तथा विविध खर्च (सि.नं. १३१) बाट रु.४०,०००</td></tr>
<tr><th colspan="5">वडा नं. ५ (वडा समितिबाट निर्णय भएको)</th></tr>
<tr><th>सि.नं.</th><th>साविक योजना/ कार्यक्रमको नाम</th><th>संशोधित योजनाको नाम</th><th>रकम रु.</th><th>वडा समितिको निर्णय</th></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td><td>कोहलपुर वरघर नगर समिति आर्थिक सहयोग</td><td>५२,०००</td><td>२०८२/०९/३०</td></tr>
<tr><td>श्रीनगर ममता जैसीको घरदेखि</td><td>३,००,०००</td><td>२०८२/११/२२</td></tr>
</table>

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७४, २०७९-२०८४
मिति २०८३/०२/२७ को
निर्णय प्रमाणित ...........

| | | | | |
|---|---|---|---|---|
| | | पश्चिम आर.सि.सि. नाली निर्माण | | |
| १ | विविध तथा भैपरी आउने खर्च(सि.नं. १८८) | अस्थायी प्रहरी विट रझेनामा जडित इन्टरनेट खर्च तथा इन्धन खर्च | ७,५०० | २०८२/११/१२ |
| | | सञ्चारिका समूह नेपाल जिल्ला कार्यसमिति बाँके | १०,००० | २०८२/०८/०२ |
| | | रेडियो प्रतिबोध एफ.एम. कोहलपुर ११ | २,००० | |
| | | कम्युन जुनी मिडिया प्रा.लि. कोहलपुर ११ | २,००० | |
| | | रेडियो मिसन एफ.एम. कोहलपुर, बाँके | २,००० | |
| २ | विपद व्यवस्थापन(सि.नं. १८७) | रिता सुनारको घरदेखि दक्षिण तर्फ आर.सि.सि. नाली निर्माण | ५०,००० | २०८३/०२/२२ |

**वडा नं. १५ (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय |
|---|---|---|---|---|
| १ | वडाको जनप्रतिनिधी र कर्मचारीका लागि अवलोकन भ्रमण (सि.नं. ३६७) | वडाका विभिन्न स्थानमा ग्राभेल तथा मर्मत | १,५०,००० | २०८२/१०/११ |
| २ | वडा कार्यालयमा ट्रस निर्माण (सि.नं. ३७१) | वडाका विभिन्न स्थानमा ग्राभेल तथा मर्मत | १,५०,००० | २०८२/१०/११ |
| ३ | विविध तथा भैपरी खर्च (सि.नं. ३६८) | कोहलपुर १५ अकलघरवाको वरको रुख नजिकको सिसि क्यामेरा नजिक बत्ति जडान | ३०,००० | २०८२/१०/११ |
| | | वडा नं. १५ चन्नहवाको गायत्री महायज्ञको लागि सहयोग | ३०,००० | |
| | | वडा नं. १५ चन्नहवाको आइ पि एस कृषि समुहलाई सहयोग | १०,००० | |

**वडा नं. ८ (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय |
|---|---|---|---|---|
| १ | वडा कार्यालयको पर्खाल तथा कार्यालय व्यवस्थापन (सि.नं.२५४) | सिचाईको लागि पाईप खरिद | २,००,००० | २०८३/०२/२६ को निर्णय |

**वडा नं. ६ (वडा समितिबाट निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय |
|---|---|---|---|---|
| १ | सिपमूलक तालिम (सि.नं. २१२) | जलवायु परिवर्तन तालिम | ५०,००० | २०८३/०२/२७ |
| | | वडा कार्यालयका लागि सोफा सेट खरिद | ५०,००० | |
| २ | विविध तथा भैपरी (सि.नं. २०९) | वडाका विभिन्न स्थानमा ग्राभेल | १,००,००० | २०८३/०२/२७ |
| ३ | विपद व्यवस्थापन (सि.नं. २०८) | वडाका विभिन्न स्थानमा ग्राभेल | ५०,००० | २०८३/०२/२७ |



मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ७४, २०७९-२०८४
मिति २०८३/०२/२७ को
निर्णय प्रमाणित ...............

| | | | | |
|---|---|---|---|---|
| ४ | अपाङ्ग व्यक्तिहरुको क्षमता अभिबृद्धि सम्बन्धी तालिम (सि.नं. १९७) | वडाका विभिन्न स्थानमा ग्राभेल | ५०,००० | २०८३/०२/२७ |

<u>वडा नं. १० (वडा समितिबाट निर्णय भएको)</u>

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय |
|---|---|---|---|---|
| १ | कृषि तथा पशु सम्बन्धी साझेदारी कार्यक्रम(सि.नं. २७२) | चटार टोलमा समरसिबल धारा जडान | २,००,००० | २०८२/०२/२७ को निर्णय |

<u>वडा नं. १२ (वडा समितिबाट निर्णय भएको)</u>

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय |
|---|---|---|---|---|
| १ | कृषि र सिचाई (सिचाई कुलो मर्मत)(सि.नं. ३२२) | विविध खर्च | १,५०,००० | |
| २ | हेल्पडेस्क कर्मचारी खर्च | विपद व्यवस्थापन | ६०,००० | |

<u>सामाजिक विकास</u>

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय |
|---|---|---|---|---|
| १ | नगरपालिका स्थापना दिवस(सि.नं. ५०७) | समाज प्रति संघसंस्थाहरुको भूमीका विषयक अन्तरक्रिया तथा छलफल | १,००,००० | |

<u>वडा नं. ४ (वडा समितिबाट निर्णय भएको)</u>

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय |
|---|---|---|---|---|
| १ | ३ नं. प्रहरी बिट को.न.पा. ४ बाँकेलाई १ कोठे सौचालय निर्माण र अन्य व्यवस्थापन (सि.नं.१६७) | वडा कार्यालयमा १ थान एसी जडान | १,००,००० | २०८३/०२/२६ |

<u>वडा नं. १३ (वडा समितिबाट निर्णय भएको)</u>

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | वडा समितिको निर्णय |
|---|---|---|---|---|
| १ | वडा बासीको स्वास्थ्य प्रवर्द्धन कार्यक्रम (सि.नं. ३३३) | आधारभुत स्वास्थ्य केन्द्र १३ मा धारा, मर्मत, बेशिन पलम्बर खर्च इन्धन | ६२,००० | २०८३/०२/२६ |
| | | म.स्वा.स्वयंसेविका र खोप क्लिनिमा स्वास्थ्य कर्मीहरुलाई यातायात खर्च | ३६,००० | २०८३/०२/२६ |
| २ | भुमी सम्बन्धी कार्य सम्पन्न गराउने खर्च निर्माण (सि.नं. ३२९) | विविध तथा भैपरी | १,००,००० | २०८३/०२/२६ |

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत